**Nepalese Culture**
**Vol. 19 : 157-172, 2026**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v19i01.95025

# जलवृष्टिको कामनार्थ भक्तपुरमा गरिने बासी पूजा परम्परा

**संगिता पंच**[१]
Email:sangitapancha2021@gmail.com

**Received Date: March 14, 2026; Accepted Date: April 05, 2026; Published on: June 1, 2026**
**Copyright: @CDNeHCA, Tribhuvan University**

## लेखसार

प्रस्तुत लेख बासी पूजासँग सम्बन्धित छ । बासी पूजा जलवृष्टि गराउने वा पानीमाग्ने परम्परा हो । यस लेखमा पर्यावरण सिद्धान्तमा आधारित भएर भक्तपुरका नगरबासीहरूले गरिने बासीपूजाको विश्लेषण गरिएको छ । प्राणीको जीवन पानीको उपभोग बिना सम्भव हुदैंन । वर्षा भएन भने सुक्खा र खडेरी पर्दछ । त्यसले विविध किसिमका रोगव्याधिको सामना गर्नुपर्ने हुन्छ । विशेषतः मनसुनको समय धान रोपाई गर्न अधिकाशं किसानहरू आकाशको पानीमा निर्भर हुने गर्दछन् । समयमा वर्षा नहुँदा किसानहरूमा वर्षाका देवता ईन्द्र, नाग वा बासी तथा गाउँको कालिका देवीको पूजाउपासना गर्ने परम्परा छ । यस किसिमको पूजा परम्परा नेपालका अधिकांश स्थानमा प्रचलनमा छन् । यस्तै पूजा भक्तपुर नगर बासीहरूले जलवृष्टिका लागि सम्पन्न गर्ने बासी हो । विधिपूर्वक गरिने बासी पूजामा मानिसहरू समूहगत रूपमा क्रमबद्ध भएर बाजासहित गीत गाउँदै, आपसमा पानी, हिलो छ्यापाछ्याप गर्दै नजिकको बासी वा गरुडको पूजा गर्ने गर्दछन् । त्यस अवसरमा गणेश, महादेव, भैरबको समेत पूजाउपासना हुन्छ । पूजापछि जलवृष्टि हुने जनविश्वास रहेको छ । पर्यावरण सिद्धान्तअनुसार प्रकृति र मानिसबिचको अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्ने तथ्यलाई यस परम्पराले स्पष्ट गर्दछ । वर्तमान समयमा भौतिक पूर्वाधार र नयाँनयाँ बस्तीहरूको विकासले बासीको अस्तित्त्व नै मेटिने अवस्थामा पुगेको देखिन्छ । अतः भक्तपुरका नगरबासीले बासीपूजाका माध्यमबाट जलवृष्टि गर्ने परम्पराको सांस्कृतिक पक्ष, बासीको पूजाविधि, बासीपूजा र जलवृष्टि बीचको सम्बन्ध प्रकाश गर्ने हेतु यो लेख तयार गरिएको छ । साथै प्राज्ञिक क्षेत्रमा यस किसिमको मूर्त अमूर्त परम्पराको दस्तावेज तयार गर्दै तिनको महत्त्व उजागर गर्नु आजको आवश्यकता हो । लेखमा गुणात्मक शोधविधि प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक दुवै प्रकृतिका तथ्याङ्क प्रयोग गरिएका छन् । यस लेखले विधिवत् रूपमा बासीको पूजा गर्नाले पानी पर्ने तथ्य उजागर गरेको छ । अतःबासी पूजा जलबृष्टिको कामनार्थ गरिने सामूहिक धार्मिक अनुष्ठान हो ।

**सूत्रशब्द** बासी, जलवृष्टि, परम्परा, आस्था-विश्वास ।

१ संगीता पंच सन् २०२५ मा त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागबाट दर्शनाचार्य तह उतीर्ण गर्नु भएकी शोधार्थी हुन् । हाल उनी मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विद्यावारिधी (पिएचडी) उपाधि प्राप्तिका लागि अध्ययनरत हुन् । नेपालको अमूर्त सांस्कृतिक सम्पदाको क्षेत्रमा विशेष रूची राख्ने उहाँले शोध, खोज र अनुसन्धानमूलक लेखनमा सक्रिय सहभागिता जनाउँदै आउनु भएको छ । पञ्चले नेपाली संस्कृतिका बारेमा हालसम्म आधा दर्जन अनुसन्धानमूलक लेख रचना प्रकाशित र प्रस्तुति गरिसकेकी छन् ।

## परिचय

भक्तपुर नगरका बासिन्दाहरूले बासी वा नाग पूजाका माध्यमबाट जलवृष्टि गराउने परम्परा महत्त्वपूर्ण सांस्कृतिक उत्सव हो । नेपालको भौगोलिक इतिहासअनुसार काठमाडौं उपत्यका तालको रूपमा थियो (ग्वंग, २०८०, पृ.८४) । काठ्माडौ उपत्यकाको वरिपरी नागजातिका मानिसहरूको बसोबास गर्दथे । लिच्छविकालीन राजा मानदेवको अर्धाङ्गिनी भोगिनी पनि नागकन्या नै थिइन । नागजातिका मानिसहरूलाई दक्षिणतिरबाट आएका गोपाल, महिषपालवंशीय शासकहरूले संगठित गरेर शासन गरेको वंशावलीमा पाइन्छ (आचार्य, २०७७, पृ. ५२) । केही दशक अघिसम्म भक्तपुरका अधिकाश मानिसहरूको प्रमुख पेशा कृषि थियो । धान यहाँका किसानहरूको प्रमुख बाली हो । कृषिको लागि पानी अपरिहार्य तत्त्व मानिन्छ । देशमा अनावृष्टि वा खडेरी परेमा पानीसँग सम्बद्ध नाग, गरुडको आरधना गर्ने प्रचलन पाइन्छ (श्रेष्ठ, २०७८, पृ. ११५) । नेपालका विभिन्न समुदायमा भ्यागुतोको बिबाह गरिदिने, इन्द्रदेव, कालिका स्थान, ग्रामथान पूजागर्ने पनि प्रचलन रहेको छ (दुलाल, २०७७) । लिच्छविकालीन कालिया दमनको मूर्ति, बुढानिलकण्ठको शेषनागको मूर्ति र चाँगुनारायणको गरुडको मूर्तिमा नागको आकृति कुँदिएको पाइन्छ । मध्यकालीन बज्रयोगिनी स्थित मुचालिन्द बुद्धको प्रतिमा, पाटनको सुन्दरीचोकको नागराजको प्रतिमा र सिंहसँगै रहेको नाग, पनौतीको इन्द्रेश्वर मन्दिरको इन्द्रको प्रतिमा लगायत मन्दिर, देवघर, पोखरीको चारैतिर विशाल नागको आकृति छन् (बाङ्डेल, सन् १९९५) । यसबाट नेपालको कला र धार्मिक इतिहासमा नागपूजा र नागको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

भक्तपुर नगरबासीहरूले विशेषतः मनसुनको समयमा असारको मसान्तसम्म पानी नपर्दा बासी अर्थात् नागदेवताको उपासना गर्ने गर्दछन् । नागपूजा प्राचीन कालदेखि चल्दै आएको परम्परा हो । विधिवत् रूपमा पूजा गरेपछि वर्षा हुने र किसानहरूले सहज रूपमा रोपाई गर्न पाउँछन् । नयाँबस्तीको बिस्तार, शहरीकरण, औद्योगिकरणले गर्दा भक्तपुर जिल्लाको कृषियोग्य जमिन घट्दै गएको अवस्थामा जीवनयापनका लागि अधिकांश कृषकहरूले अन्य पेसा अपनाउन बाध्य छन् । खोलाको नजिक खेत भएका किसानहरूले मेशिनको सहायताले पानी तानेर खेती गर्दछन् । अतः कृषियोग्य जमिनको कमि र पानीको लागि बैकल्पिक स्रोत साधनको प्रयोगले यस परम्पराको महत्त्व बिलिन हुने अवस्था छ ।

करिब ३० वर्षपछि भक्तपुर नगरका एक स्थानीय व्यक्तिको भाकलअनुसार सम्पूर्ण परिवार र समाजलाई एकजुट गरेर २०८१ असार ८ गते बासीपूजा गरियो । उक्त अनुष्ठानमा शोधकर्ताले प्रत्यक्ष सहभागी भई पानी माग्ने परम्पराको बारेमा ज्ञान हासिल गर्ने अवसर प्राप्त भयो । विधिवत् रूपमा बासीपूजा सकिने वितिकै साँझतिर पानी परे । उक्त चमत्कारिक प्रक्रिया देखेर शोधकर्तालाई यस विषयमा अध्ययन गर्न चासो बढेको हो । विभिन्न शोधहरूको अध्ययनबाट नाग उपासना, इन्द्रजात्रा विषयमा धेरै अनुसन्धान भएका छन् । तथापि यो शोध भक्तपुरका नगरबासीले बासीपूजाका माध्यमबाट जलवृष्टि गर्ने परम्पराको सांस्कृतिक पक्ष के कस्ता छन् ? बासीको पूजाविधि के हो ? बासीपूजा र जलवृष्टि बीच के, कस्तो सम्बन्ध छ ? भन्ने प्रश्नको उत्तर खोजी गर्न तयार गरिएको छ ।

नेपाल जस्तो कृषिप्रधान देशमा वर्षा अत्यन्त महत्त्वपूर्ण मानिन्छ । परम्परागत रूपमा मानिसहरू वर्षा गराउन विभिन्न धार्मिक तथा सांस्कृतिक विधिहरू अपनाउदैं आएका छन् । जसमा बासी पूजा एक प्रमुख अभ्यास

हो । तर आधुनिक समयमा वैज्ञानिक दृष्टिकोणको विकाससँगै यस्ता परम्परागत अभ्यासहरूको प्रभावकारिता र सान्दर्भिकतामाथि प्रश्न उठ्न थालेका छन् । नाग पूजाले वास्तवमै वर्षामा प्रभाव पार्छ कि पार्दैन भन्ने विषयमा स्पष्ट वैज्ञानिक प्रमाणको अभाव देखिन्छ । साथै नयाँ पुस्तामा यस्ता परम्परागत अभ्यासप्रतिको चासो घट्दै गएको पनि देखिन्छ । यस अवस्थामा जल बृष्टिका लागि गरिने नाग पूजाको सामाजिक, सांस्कृतिक तथा सम्भावित वातावरणीय प्रभावबारे अध्ययन गर्नु आवश्यकता देखिन्छ । प्राज्ञिक क्षेत्रमा भक्तपुरका नगरबासीले जलवृष्टि गर्ने हेतु बासीको पूजागर्ने सांस्कृतिक पक्षबारे थप अध्ययन गर्न आवश्यक देखिन्छ उक्त पक्ष नै शोधको समस्या हो ।

यस अध्ययनले जल बृष्टिका लागि गरिने बासी पूजाका महत्त्व र प्रभावबारे विभिन्न प्रश्नहरू उठाउँछ । बासी पूजा भनेको के हो, बासी पूजाको पूजाविधि के कस्ता छन साथै बासी पूजा र जलवृष्टि बीच कस्तो सम्बन्ध हुन्छ भन्ने प्रश्नहरूको समाधान गर्न खोजिएको छ ।

## अनुसन्धानको उद्देश्य

- बासी पूजा गर्दा सम्पन्न गरिने विधिविधान पहिचान गर्नु ।
- बासी पूजासँग सम्बन्धित मिथक तथा किंवदन्तीहरु अन्वेषण एवम् विश्लेषण गर्नु ।
- भक्तपुर नगरबासीहरूले पूजा गर्ने प्रमुख बासीहरू खोजी गर्नु ।

## अध्ययन विधि

यस लेखको सत्य वा ओन्टोलोजि विषयात्मक किसिमको छ । यसमा पूर्णतया गुणात्मक विधि प्रयोग गरिएको छ । अनुसन्धानकर्ताबाट  यो प्रचलनको प्रत्यक्ष अवलोकन, अन्तर्वार्ताद्वारा बासी रहेका स्थान, पूजाविधि, पूजामा संलग्न व्यक्तिहरूको अनुभूति र भावनासँग सम्बन्धित तथ्य सङ्कलन गरिएका छन् । यो अध्ययनलाई भौगोलिक रूपमा भक्तपुर नगर र नगरबाहिरका केही बासी, कालिदेवी स्थानहरूमा मात्र सिमाङ्कन गरिएका छन् । अध्ययनका क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्क सङ्कलन र प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क प्रत्यक्ष अवलोकन, फोटोग्राफी, अन्तर्वार्तावाट सङ्कलन गरिएका हुन् । अध्ययनमा प्राथमिक तथ्याङ्क भक्तपुर नगरभित्रका कर्माचार्य, पूजामा संलग्न स्थानीय नेवार समुदायका व्यक्तिहरू लगायत थापा, राई, तामाङ, मधेशी समुदायका मानिसहरूसँग अन्तर्वार्ताबाट सङ्कलन गरिएका छन् । द्वितीयक तथ्याङ्कअर्न्तगत पूर्व प्रकाशित नाग, पानी, प्रकृति सम्बन्धी लेख, जर्नल, पत्र-पत्रिका, इन्टरनेटवाट सङ्कलन गरिएको हो । प्राप्त तथ्यहरूलाई विश्लेषण गरी, पर्यावरणीय अवधारणाअनुसार व्याख्यात्मक रूपमा समाधान गर्नमा मात्र सिमित गरिएको छ ।

लेखको लक्ष्य प्राप्तिका लागि पर्यावरणीय सिद्धान्त प्रयोग भएको छ । जुलियन स्टीवार्डको पर्यावरणीय सिद्धान्त अनुसार पर्यावरणीय सम्बन्ध र अनुकुलनको प्रक्रियाबाट संस्कृतिमा विविधता सिर्जना हुने गर्दछ । पर्यावरणसँग अनुकुलन हुन र आफ्ना विभिन्न आवश्यकताहरू परिपूर्ति गर्न मानिसले आफ्नो संस्कृतिलाई त्यस अनुरूप विकसित गर्ने गर्दछन् । पर्यावरणीय अवस्थाले नै परम्परा, विश्वास, नैतिकता र मूल्य, मान्यताजस्ता सांस्कृतिक तत्त्वहरूलाई निर्धारण गर्ने गर्दछ (क्षेत्री र रायमाझी, २०६२,  पृ.२२९) । यस लेखमा जलवृष्टिको

कामनार्थ बासीपूजा विधि, बासीको भौगोलिक अवस्थिति, नाग उपासना र पर्यावरण बीचको सम्बन्ध विश्लेषण, अन्वेषण र वर्णन गरिने भएकाले यो सिद्धान्त उपयुक्त देखिन्छ ।

## पूर्वसाहित्य समीक्षा

श्रेष्ठ (२०७८)मा फर्पिङमा अनावृष्टि भए फर्पिङवासीहरू बासुकीको कुण्डबाट नृसिंह मन्दिरसम्म पङ्क्तिबद्ध बसी गाग्रोमा कुण्डको पानी ल्याएर नृसिंहको मुखमा नभरुन्जेल खन्याइ पानीको लागि आह्वान गर्ने प्रचलन छ । नृसिंहको मुखमा पानी भर्न दुई, तीनसयसम्म गाग्रीको पानी खन्याइन्छ । यसपछि सहभागीहरू सहर परिक्रमा गर्दछन् । यस अवसरमा सहरका प्रत्येक घरले परिक्रमा गर्ने सहभागीहरू माथि पानी खन्याएर महादेवसँग पानी माग्ने चलन रहेको छ । यस कार्यक्रम सकिएपछि वर्षा हुने गरेको छ (श्रेष्ठ, २०७८, पृ. ६६) । यस ग्रन्थबाट शोधकर्तालाई नागउपासनाको विधिका बारेमा विषयगत ज्ञान प्राप्त भए ।

श्रेष्ठ, सरोज (२०७९) का अनुसार नागलाई वायु र जलवृष्टिको दृष्टिकोणबाट पूजा गरिन्छ । ने.सं. ५३५ को अभिलेखमा जलवृष्टिको लागि नाग साधना गर्न निम्नअनुसार जप गरेको उल्लेख पाइन्छ । जसमा "ॐ नम श्री वज्रकरुण नवनागराजाय जलवर्ण्ण ॥ शुद्ध स्फटिकसं अष्टकुलनागाधिपं प्रभुम् ॥ जाज्वल्य महामणिकधराय ॐ नमाम्यहम् नमोस्तुते महापद्यनागराजं नमाम्यम् ॥" उल्लेअ गरिएको छ (श्रेष्ठ, वि.सं. २०७९, पृ. २७२) । यस लेखबाट शोधकर्तालाई नागउपासनाको महत्त्व बारेमा विषयगत ज्ञान प्राप्त भए ।

श्रेष्ठ, सन् २०२४ का अनुसार बासुकी नागलाई नागहरूको राजा भनिन्छ । यस नागलाई नाग पञ्चमीका दिन पूजा गरिने अष्टनागमध्ये एक मानिन्छ । बासुकी नाग भगवान शिवको गलाामा विराजमान हुने कथन रहेको छ । भिमसेनलाई दस हजार हात्ति बराबरको बलियो होस् भनि बरदान दिने पनि बासुकी नाग नै मानिन्छ । यस लेखबाट शोधकर्तालाई नागको धार्मिक महत्त्व बारेमा विषयगत ज्ञान प्राप्त भए ।

### बासी पूजाको ऐतिहासिकता

बासी पूजा केवल धार्मिक क्रियाकलाप मात्र नभई मानव र प्रकृतिबिचको अन्तरसम्बन्ध, जल व्यवस्थापन सम्बन्धी लोकज्ञान र सामाजिक एकताको दृष्टिकोणले विश्लेषण गर्न सकिन्छ । अतः यस अध्ययनले बासीपूजाका सांस्कृतिक महत्त्वलाई उजागर गरिनेछ । साथै, जलवृष्टिका लागि बासी पूजाको पूजाविधि बुझ्न सहयोग पुऱ्याउँछ । अन्ततः बासीपूजा र जलवृष्टि बीचको सम्बन्ध प्रकाश पार्न मद्दत गर्दछ । उल्लेखित विषयलाई मूल प्राप्तिका रूपमा विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

आदिम मानव प्रकृतिका उपासक थिए । तिनीहरू जल, वायु, भूमि, अग्नि लगायत विविध तत्त्वको उपासना गर्दथे । वैदिकयुगमा आर्यहरूले अग्नि, इन्द्र, आदित्य, वरुण, सोम, रुद्र, मरुत्गण, वायु, बृहस्पति, उषा, अदिती, सावित्री लगायत अन्य कयौं देवीदेवताको उपासना मन्त्रोच्चारणका साथ हवनको माध्यमबाट गर्दथे (खनाल, २०८०, पृ.३२-३६) । लेलेको संवत् ५२६ को अभिलेखमा इन्द्रगोष्ठीको चर्चा छ । साथै हिमवत्खण्ड पुराणमा पाशुपतक्षेत्रको मृगस्थली गोरखनाथ, चौरङ्गीनाथको योगको आश्रयस्थल रहेको वर्णन छ (योगी, २०१३, पृ.२९५ उद्दृत खनाल, २०८०, पृ.२९) । अक्षयकुमार बनर्जीले गोरखनाथ हिमालय प्रदेशको नेपाल र तिब्बतमा इसाको छैठौं शताब्दीमा प्रख्यात रही उनको मत प्रचलित रहेको उल्लेख गरेका छन् (बनर्जी, १९८६,

पृ.८०-८१०, खनाल, २०८०, पृ.२९) । गोपालराज वंशावलीमा ने.सं ३३९ आषाढदेखि भाद्रसम्म वृष्टि भएन र अनिकाल पर्नाले आधा लोकको क्षति भएको उल्लेख छ ।

ने.सं. ३४० कार्तिकदेखि ज्येष्ठसम्म एक द्रम्मले ४ माना चामल पाइने गरी अनिकाल भएको पनि उदृत गरेको पाइन्छ (बज्राचार्य र मल्ल, इन्टरनेट) । नागलाई वायु र जलवृष्टिको दृष्टिकोणबाट पूजा गरिन्छ । ने.सं. ५३५ को अभिलेखमा जलवृष्टिको लागि नाग साधना गरेको उल्लेख पाइन्छ (श्रेष्ठ, २०७९, पृ. २७२) । इतिहासकारहरू नेपाल मण्डलको प्राचीन बस्तीहरूमध्ये बज्रयोगिनीलाई एक मान्दछन् । सक्वः बज्रयोगिनीमा रहेको बासीलाई सबैभन्दा पुरानो मानिन्छ । उक्त स्थानमा एउटा सर्प आकारको खाल्टो छ त्यसमा पानी भर्न मिल्दछ त्यही स्थानबाट अन्य स्थानमा बासी सारेको कथन पाइन्छ (श्रेष्ठ, सन् २०२४) ।

भक्तपुरका नेवार समुदायका मानिहरूले ऋषि तर्पणीका दिन भ्यागुतालाई भात खुवाएर पूज्ने गर्दछन् । नाग पञ्चमीका दिन घरको दैलोमा नागको चित्र टाँगी पूजा गर्ने चलन रहेको छ । नाग, भ्यागुतो, सर्प, बिच्छी जलस्रोतमूलक प्राणी हुन् । पानीको स्रोतमा नागको बास रहेन भने पानी सुक्छ भन्ने भनाइ रहेको छ (ग्वंग, २०८०, पृ. २०) । नागपञ्चमी, गोबर्द्धन पूजा, भ्यागुतालाई खाना खुवाउने जस्ता संस्कार र संस्कृतिको माध्यमबाट भक्तपुर नगरका मानिसहरूले पर्यावरण सिद्धान्त अनुसार प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रकृतिको उपासना गरेको देखिन्छ । त्यसमध्ये जलवृष्टिका लागि बासीपूजा गर्ने परम्परा पनि एक हो ।

## बासी पूजासम्बन्धी प्रचलित किंवदन्ती

नेपाली समाजमा बासी पूजासम्बन्धी अनेकन किंवदन्तीहरू प्रचलित छन् । नागछाँया, नागढुङ्गा, बासी, बासी तँ, नाग प्याखँ, नागपोखरी, नागपूजा, भोटो देखाउने जात्रा, बिस्काजात्रा, इन्द्रजात्रा, मत्स्यन्द्रनाथको जात्रा आदि नेपाली समाजमा पानी र नागको कथासँग सम्बन्धित छन् । बिस्काजात्राका लिङ्गोको शिरमा राखिने सिंङ जुन दिशामा फर्किन्छ उक्त क्षेत्रमा पानी पर्दछ भन्ने भनाई रहेको छ । यो नागनागिनको मृत्युको स्मृतिमा मनाउने जात्रा हो भन्ने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ताः रजन कुस्ले, २०८२ माघ १४) । काठमाडौँको इन्द्रजात्राको किम्बदन्ती अनुसार स्वर्गका राजा इन्द्रकी आमालाई श्रीका व्रत बस्न पारिजात नाम गरेको विशेष पुष्प आवश्यकता परेको थियो । इन्द्रदेवले आफ्नो आमाको ब्रतको लागि परिजातको फूल लिन कान्तिपुर आएका समयमा यहाँका बासिन्दाले पुष्प चोर भनेर सहरको बीच बाटोमा बाँधेर राखेका थिए । लामो समयसम्म आफ्नो छोरो पृथ्वीलोक (कान्तिपुरी नगरी)बाट नफर्केपछि छोरालाई मुक्त गराउन इन्द्रकी आमा कान्तिपुरमा आइन् । ईन्द्रले कान्तिपुरमा नियमित वर्षा गराउने, सहकाल कायम गर्न सघाउने वाचा गरेर स्वर्गलोक फर्के (राजोपाध्याय, २०८०) । पाटनको मत्स्यन्द्रनाथ जात्राको किम्बदन्तीअनुसार राजा नरेन्द्रदेवको समयमा गुरु गोरखनाथ कोप हुनाले १२ वर्षसम्म वर्षा नभएको भाषा वंशावलीमा उल्लेख गरिएको छ । अतः कामरूप कामाख्यबाट श्री रातो मत्स्यन्द्रनाथलाई नेपाल मण्डलभित्र ल्याई तन्त्रविधिबाट विधिवत् स्थापना गरी जलवृष्टि भएको लोकमान्यता रहेको छ (श्रेष्ठ, २०७९, पृ. २७२) ।

भक्तपुर नगरमा अधिकांश टोलहरूमा बासी रहेका छन् । तिनीहरूको आ-आफ्नै किसिमको लोककथाहरू रहेका छन् । यस क्रममा भक्तपुर जिल्लास्थित चाँगुनारायण मन्दिरको ठीक अघिल्तिर रहेको गरुडको किम्बदन्ती भक्तपुर नगरको तपुङ गरिङ बासी र सुन्दरीजलको बासीसँग जोडिएको छ । गरुड नारायणको गलामा धारण

गरेको नागलाई सुन्दरीजलको सत्यनाग भन्ने गरिन्छ । एक समय उक्त नाग मानिसको रूप धारण गरेर मत्स्यन्द्रनाथको जात्रा हेर्न गएका थिए । त्यही बेला गरुडले सत्यनागको नागिनीलाई नागको विषयमा शोधखोज गर्दा सेतो लुगाा लगाएर मत्स्यन्द्रनाथको जात्रा हेर्न गएको जानकारी दिए । यसपछि गरुडले नागिनलाई अब एकछिनमा हावाहुरी आउँछ । त्यसैले सबै प्वाल थुनेर बस्नु भनेर सत्यनागको पछि लागे । गरुडले नागलाई लखेट्ने क्रममा सत्यनाग आफ्नो घरभित्र खोज्दा सम्पूर्ण बाटो बन्द हुनाले अन्ततः गरुडको कब्जामा परे । त्यसपछि सत्यनागले गरुड सामु अन्तिम पटक आफ्नो अर्धाङगिनीलाई भेट्ने इच्छा प्रकट गरे । तत्पश्चात उक्त नागले नागिनलाई 'तिम्रो कारण म गरुडको नियन्त्रणमा परे, तिमीले जति बिलौना गरेपनि कसैले नसुनोस्' भनेर श्राप दिएको किम्बदन्ती रहेको छ । अतः चाँगुनारायणको अन्य क्षेत्रमा नागको आवाज सुनिए तापनि मन्दिर परिसरमा नाग रोएको आवाज नसुन्ने स्थानीय बताउँदछन् (व्यक्तिगत अन्तर्वार्ताः गोपाल बाद्यकार, २०८१ भदौ ०७) ।

भक्तपुरको काँलाचा तीर्थको अलिकमाथि रहेको तपुङ गरिङ बासीको किम्बदन्ती पनि चाँगुनारायणको जस्तै छ । तपुङ गरिङ बासीलाई सत्यनागको दोस्रो पत्नी भन्ने चलन छ । अतः सत्यनागको श्राप बमोजिम ६ महिना भक्तपुरको तपुङ गरिङ र ६ महिना सुन्दरीजलको बासी रुने किम्बदन्ती रहेको छ । नागपञ्चमीदेखि तपुङ गरिङको बासी कराउने र श्री पञ्चमीदेखी सुन्दरीजलको बासी कराउने गर्दछन् । विशेषतः धान सुकाउने समयमा तपुङ गरिङ बासी रोएको (छाँगाबाट पानी बगेको जस्तै आवाज आउने) बाँकी समयमा त्यस स्थानमा आवाज नसुन्ने स्थानीयहरूको भनाइ रहेको छ (व्यक्तिगत अन्तर्वार्ताः तुलसीमाया चवाल, २०८१ श्रावण ०९) । लोकजीवनमा यदि कोही व्यक्ति निरन्तर बोली रहेमा तपुङ गरिङको बासी जस्तै कराएको भन्ने भनाई पनि प्रख्यात थियो । स्थानीय न्हुछेबहादुर ध्वजुका भनाइमा सूर्यविनायक जङ्गलको ढल्चो बासी भएको स्थानमा विगतमा नाग आकृतिको बिशाल रुख थियो । सो रुखको करिब ५/६ मिटर माथि नाग वा बासी आकृतिको बादल देखिन्थ्यो । उक्त रूख पाण्डुबजारबाट नै देखिन्थ्यो । स्थानियका अनुसार उक्त रुखको कटान गरेपछि नियमित रूपमा वर्षा नभएको मानिन्छ (व्यक्तिगत अन्तर्वार्ताः राजाराम नापित, २०८१ असार ८) ।

लुभु क्षेत्रमा पनि पानी माग्ने प्रचलन थियो । किम्बदन्तीअनुसार एक समय बासुकी नाग मनुष्यको रूप धारण गरेर मत्स्यन्द्रनाथको जात्रा हेर्न जाने क्रममा लुभुका एउटी कन्याले बासुकी नागलाई दुध पिलाएकी थिइन । नागले खुशीभएर ती कन्यालाई जलवृष्टिको आर्शिवाद दिएको कथा रहेको छ (श्रेष्ठ, सन् २०२४) । पाटन र भक्तपुरका मल्ल राजाहरू पानीको अभाव हुनाले बासुकी नागको तपस्या गरेका थिए । नागराजाले जो व्यक्ति आफूलाई सुन र चाँदीको फूल चढाउँछ तिनको क्षेत्रमा वर्षा गर्छु भने । भक्तपुरका राजाले सर्बप्रथम तोरीको फूललाई सुनको र रायोको फूललाई चाँदीको फूल भनेर बासुकीलाई चढाएका थिए । पाटनका राजाले सक्कली सुन, चाँदीको फूल चढाउन गए । बासुकीले भक्तपुरका राजाले नक्कली फूल चढाएको थाहा पाएर रिसाएर भक्तपुर भेगमा पानी नदिने भनि न्ह्यपं डाँडाले छेकेको भन्ने किम्बदन्ती रहेको छ (श्रेष्ठ, सन् २०२४)। अर्को किम्बदन्तीमा बासुकी भक्तपुर र पाटन दुबैतिर नफर्केर पनौतीतिर फर्केको र पूण्यमति खोला भएको पनि मानिन्छ । विधिविधान अनुसार पूजा गरेको खण्डमा पूजा गरेको दिन पानी पर्छ भन्ने भनाइ रहेको छ (श्रेष्ठ, सन् २०२४) ।

पर्सा जिल्लामा जलवृष्टि परम्परा अन्य स्थानको तुलनामा फरक रहेको छ । करिब सात दिनसम्म चल्ने यस अनुष्ठानमा महिलाहरूको भूमिका विशिष्ट रहेको छ । जसमा महिलाहरूले समाजका विभिन्न पात्रहरूको

अभिनय गर्छन । यसलाई धार्मिक अनुष्ठान र सामाजिक एकता प्रदर्शन गरेको बुझिन्छ । यसले नारी शक्ति र प्रकृतिप्रतिको अगाध विश्वासलाई प्रतिविम्बित गरेको देखिन्छ (सामाजिक संजालः २०८२ माघ १२, युट्युब ।

खोटाङ जिल्लामा करिब १०० वर्षअघि खडेरी परेको थियो । सो समय गाउँका सम्पूर्ण मानिसहरू एकजुट भएर जलवृष्टिका लागि गाउँका पुरोहितद्वारा कालिका भगवती स्थानमा पूजा गरेका थिए । पूजागर्ने क्रममा गाउँका प्रत्येक घरका सदस्यहरू उपस्थित थिए । एक परिवार भने उपस्थित भएनन् । धामीले पूजा पाठ गर्दा उपस्थित सम्पूर्णको लागि वर्षाको प्रार्थना गरे । त्यहा अनुपस्थित एक परिवारको लागि पानी नपरोस् भनेर पुकार गरे । पूजापछि हावाहुरी चलेर घनघोर वर्षा भयो । हावाहुरीले पूजारीको घर नै उडाएको लोककथन रहेको छ (व्यक्तिगत अन्तर्वार्ताः राजेन्द्रकुमार राई, २०८२ माघ २०) । यसरी किम्बदन्ती जे जस्तो भए तापनि बासुकी नाग पानीको प्रतीक रहेको र किम्बदन्तीमा उल्लेख कतिपय संस्कृति र भौगोलिक अवस्थिति मिल्न आएको देखिन्छ ।

## बासी पूजा

नेपाल एक कृषिप्रधान देश हो । पानी बिना कृषिकर्म अधुरो हुन्छ । विशेषगरी मनसुनको समय जब आकाशबाट पानी पर्दैन तब भूगोलअनुसार कतिपय स्थानमा बोर्डिङको पानी, खोलाको पानी तानेर खेती गर्दछन् । तथापि यस किसिमका उपायद्वारा पनि समस्या समाधान नहुँदा मनिसहरू परम्परागत पूजा पद्वतिमा विश्वास गर्दछन् । यहि विश्वासको एउटा स्वरूप जलवृष्टिका लागि गरिने बासी पूजा हो । नागलाई नेपाल भाषामा बासी भनिन्छ । बासुकी नाग नागहरूका राजा हुन् (श्रेष्ठ, सन् २०२४) । यिनलाई नागपञ्चमीका दिनपूजा गरिने अष्ट नागमध्ये एक मानिन्छ । बासुकीनाग भगवान् शिवको गलामा विराजमान हुने कथन रहेको छ । श्रेष्ठ आधुनिक विज्ञानमा बासुकी नाग सबैभन्दा ठूलो र पराक्रमी भएको उल्लेख गर्दछन् । प्रत्येक तीन महिनामा नागको शिर फरक दिशामा हुने धार्मिक मान्यता रहेको उल्लेख छ । भाद्र, आश्विन, कार्तिक महिनामा पूर्व दिशा, मंसिर, पुष, माघमा दक्षिण दिशा, फागुन, चैत्र, बैशाखमा पश्चिम दिशा र जेठ, असार, श्रावणमा उत्तर दिशा मानिन्छ (श्रेष्ठ, सन् २०२४) ।

भक्तपुर नगरबासीहरूले पनि विगतमा जलवृष्टिका लागि ढल्वो बासी, चाँगुनारायणको गरुड, भारे (फर्पिङको पछाडि), सिपाडोलको नैचाल, झौखेल, बागोरश्वरीको बाघद्वार, नगरकोटको सूर्जकुलाङ, नागपोखरी, भ.न.पा.- ५ को चुपिङघाट, भ.न.पा.- ७ को हनुमानघाट, भ.न.पा.- ४ को मंगलतीर्थ आदि स्थानमा रहेको बासी कहाँ गएर पूजा गर्ने परम्परा थियो । यस क्रममा दुई, तीनवटा टोलका मानिसहरू कजि (संयोजक) वा आयोजक कहाँ भेला भएर विभिन्न बाजा, पूजा सामग्री र खानेकुराको परिकार र पञ्चबलीसहित (राँगा, भेडा, बोका, हाँस र कुखुरा) पूजा जाने गर्दछन् । सम्पूर्ण सहभागी विविध देवदेवीको उपासना गर्दै आपसमा पानी, हिलो छ्यापाछ्याप गर्दै, *हरहर महाद्य वा वे द्य* भन्दै नाराबाजी लगाउदैं, थालहरू थताउदै, हर्षो उल्लासका साथ जाने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ताः कृष्णप्रसाद त्वायना, २०८१ माघ २९) ।

बासी पूजामा बालबालिकादेखि बयोबृद्धहरू पनि सहभागी हुने चलन छ । पूजा समापन गरेर फर्किने बेलामा हरहर महादेव भन्दै ञ्याल वा घरको बार्दली (कौसी)बाट पानी छ्याप्ने गर्दछन् (तस्वीर नं ७) । यसरी गरिने विधिवत् पूजापछि पानी पर्ने भनाइ रहेको छ । यसबाहेक मानिसहरू बिरामीपर्ने समयमा पूइँ हायेकेगु भनेर

कपासको मालासहित बासीको पूजा गर्ने चलन रहेको छ । भक्तपुर नगरको अष्टमातृका पीठहरूमध्ये महाकाली, बाराही, कुमारी पीठको परिसर र सूर्यविनायक गणेशमन्दिरको करिब १५० मिटर अघि, सिद्धपोखरी, कमलपोखरी, चुपिङघाट, काँलाचामा बासी रहेका छन् (व्यक्तिगत अन्तर्वार्ताः वीरजगत कर्माचार्य, २०८२ माघ २९) । यीमध्ये सूर्यविनायकको बासीलाई शक्तिशाली मानिन्छ । उक्त नागको दोष लागेमा ३२ कपासको ३२ माला चाहिन्छ भन्ने मान्यता रहेको छ । बासीको दोष लागेमा गाईको दुध, गङ्गाजल, चौलानी (अक्षता पखालेको पानी) र कपासको मालासहित पुरुषले पूजा गर्न जाने गर्दछन् । सिद्धपोखरीको नागलाई ३० वटा कपासको माला, कमलविनायकको बासीलाई १४, महाकाली र इन्द्रायणीको बासीलाई ११ र कुमारीस्थानको बासीलाई १६ वटा कपासको माला चढाइन्छ (अन्तर्वार्ताः वीरजगत कर्माचार्य, वि.सं २०८२ माघ २९) ।

प्रत्येक घरमा नागको बास हुन्छ भन्ने विश्वास गरिन्छ । कतिपय नेवारहरूको थर र स्थानको नामसमेत बासी रहेको छ । बासी तँ अर्थात् नागको उकालो, *बासी क्षें* अर्थात् नागको घर, राजन बासी वा थर इत्यादी यसका उदाहरण हुन् (व्यक्तिगत अन्तर्वार्ताः महेन्द्र गोपाल कर्माचार्य, २०८२ माघ १४) । यसबाट धार्मिक आस्था र विश्वासमा अदृश्य शक्ति रहेको हुन्छ भन्ने कथनलाई बल पुऱ्याउन्छ ।

## भक्तपुर नगरबासीहरूले पूजा गर्ने प्रमुख बासीहरू

बासी पानीको प्रतीक मानिन्छ । सामान्यतः भ्यागुता ट्वार ट्वार कराउने, जुनकिरी चम्कने, गरुडले नाग लखेट्ने (नाग लिइगु), कुखुराले खुट्टा फाटेर घाम ताप्ने, दिउँसो जंगलबाट बाघ निस्कने, चर्को घाम लाग्ने र बादलको रङ्ग गाढा हुनुलाई पानी पर्ने सङ्केत मानिन्छ (व्यक्तिगत अन्तर्वार्ताः तुल्सीमाया चवाल, २०८१ श्रावण ०९) । मनसुनको बेला समयमा रोपाई गर्न नपाउँदा किसानहरू चिन्तित हुन्छन् । अतः निश्चित क्षेत्रका मानिसहरू मिलेर बासी पूजा गर्न जाने गर्छन् । यस क्रममा भक्तपुर नगरको गोल्मढी क्षेत्रका मानिसहरू नैचाल (सिपाडोल), थने (नगरको माथिल्लो भेग)का मानिसहरू सूर्जकुलां ब्रह्मायणी ज्वलं, कोने (नगरको तल्लो भेग) का मानिसहरू ढल्चो बासी र ब्यासी क्षेत्रका मानिसहरू चाँगुनारायणको गरुडको पूजा गर्न जाने गर्दछन् (अन्तर्वार्ताः चवाल, २०८१ श्रावण ०९) । जुन यसप्रकार रहेका छन् ।

**नैचालः** भक्तपुर नगरमा आउने पानीको मुहानहरूमध्ये नाचाल/नागिनडोल पनि एक हो । भक्तपुरको सूर्यविनायक नगरपालिका, पाटीभञ्ज्याङ - ८ स्थित नागिनडोललाई भक्तपुर नगरका नेवार समुदायले नाचाल भनेर सम्बोधन गर्ने गर्दछ । *ना* भन्नाले पानी र *चाल* भन्नाले खुल्यो भन्ने बुझिन्छ । यस अर्थमा पानीको मूलबाट आउने पानीलाई आवश्यकताअनुसार बारलगाई खोलिने प्रक्रियालाई नाचाल भन्ने गरिन्छ । हाल सो शब्द अपभ्रंश भएर नैचाल भएको हो । स्थानीय वीरबहादुर तामाङकाअनुसार उक्त स्थानमा प्राकृतिक रूपमै उत्पत्ति भएका ढुङ्गाका धुपौरो, दियोबत्ति, ध्याङग्रो आकारका शिलाहरू रहेका छन् । भक्तपुर नगरका मानिसहरूले यस स्थानबाट कुलो बनाएर खेत तथा घट्ट चलाउने गर्दथे । तामाङका भनाईमा आजभन्दा करिब ३० वर्षअघि पानी नपर्दा भक्तपुरका मानिसहरू नागिनडोलको बासुकी स्थानमा राँगा बलीसहित पूजागर्न आउँथें (अन्तर्वार्ताः तामाङ, २०८१ श्रावण २८) । निज वीरबहादुर तामाङका भनाइमा आफ्नो ससुरा पनि पानी नपर्दा बासुकी स्थानमा गएर पूजा गर्दा एकछिनमै पानी परेको अनुभव सुनाए (व्यक्तिगत अन्तर्वार्ताः तुल्सीमाया तामाङ, २०८१ श्रावण २८) ।

**भल्चो बासी:** भल्चो बासी सूर्यविनायक नगरपालिकास्थित सूर्यविनायक जङ्गलको उपल्लो भागमा रहेको छ। त्यस स्थानमा करिब ३ मिटर अग्लो, १५ इन्च गोलाकार एउटा शिला ठड्याइएको छ। यस शिलाको ठीक अघि अष्टपत्रसहितको एउटा शिला रहेको छ। त्यसलाई भैरबको रूपमा पूजिन्छ (प्रत्यक्ष अवलोकन, २०८१ असार ८)। यसै भैरबको नामबाट नै त्यस बासीलाई भल्चो बासी भन्ने गरिन्छ। यसलाई गैर नेवार समुदायका मानिसहरूले बासुकीनागको रूपमा पूजा गर्ने चलन रहेको छ (व्यक्तिगत अन्तर्वार्ता: राजाराम नापित, २०८१ असार ८)।

**गरुड (चाँगुनारायण):** भक्तपुर नगरको उत्तरी भेगका मानिसहरू जलवृष्टिका लागि चाँगुनारायण मन्दिरमा रहेको गरुडको उपासना गर्ने गर्दछन्। यस क्रममा बाजा बजाएर, थाल ठट्टाएर, नारा लगाउदै चाँगुनारायण स्थित गरुडलाई पूजा गर्न जान्छन्। तिनीहरू झौखेलको बाटो हुदै "हर हर महाद्य, वः गाये द्य" अर्थात् 'हर हर महादेव, पानी पारि देऊ' पानी पार्ने देवता, महादेव भन्दै लामबद्ध भएर जान्छन्। पूजाको क्रममा चाँगुनाराणको गरुडको प्रतिमालाई हिलो छ्याप्ने र सिस्नुले पोलिदिने अनौठो चलन रहेको छ। स्थानिय बाद्यकारका भनाइमा यस्तो गर्नाले गरुडको मुखको हिलो पखाल्नका लागि पानी पर्दछ भन्ने मान्यता रहेको पाइन्छ (व्यक्तिगत अन्तर्वाताः गोपाल बाद्यकार, २०८१ भदौ ०७)। यसबाहेक भक्तपुर नगरको वंशगोपालको चाँगुनारायण मन्दिर अघिका गरुडलाई पनि माथि उल्लेख गरेझैं बिलौना गरिन्थ्यो। आजभन्दा करिब ३० वर्षअघिसम्म यस्तो प्रचलन ज्यादा थियो। हाल विविध कारणले लोपझै भइसकेको छ (श्रेष्ठ, सन् २०२४)।

**चुपिङघाट बासी:** भक्तपुर भेलुखेलस्थित चुपिङघाटमा रहेको बासीलाई चुपिङघाट बासी भनिन्छ। घाटको किनारमा रहेको हनुमान् मन्दिरको ठीक अघि खोलाको बीचमा रहेको ठूलो ढुङ्गालाई बासीको रूपमा पूजागर्ने चलन रहेको छ। विधिवत रूपमा बासी पूजा गर्ने बेला अन्तमा यस बासीलाई पूजा गरेर ढुङ्गा उल्टाउने परम्परा रहेको छ। भक्तपुरको हनसमानघाटमा रहेको बासी उलेगु वा सफाई गरेर पूजा गर्ने चलन पनि रहेको छ (व्यक्तिगत अन्तर्वार्ता: वीरजगत कर्माचार्य, २०८२ माघ २९)।

**तपुङ गरिङ :** कैलांचा तीर्थ भक्तपुर नगरको दक्षिण भेगमा रहेको छ। विगतमा यस तीर्थमा हप्तादिन स्नान गर्नाले घाउ, खटिरा नै निको हुने विश्वास गरिन्छ। यसैको आधारमा उक्त तीर्थको नाम कैलांचा वा खटिरा निको बनाउने तीर्थ भनेर नामाकरण भएको मान्यता छ। यस तीर्थको पूर्वी भेगमा करिब एक रोपनी क्षेत्रफलमा तपुङ गरिङ वा बासी रहेको छ। यस बासीलाई कैलाँचा बासी भनेर पनि चिनिन्छ। उक्त बासी पनि निक्कै शक्तिशाली मानिन्छ। स्थानिय बासिन्दाहरूका भनाइमा करिब ३०, ४० वर्षअघि यस स्थानमा खेतमा पानी ल्याउने हेतु कुलो खन्दा नागको दोष लागेर एक व्यक्तिको मृत्यु भएको थियो। यसै गरी करिब २० देखि २५ बर्ष अघि स्थानिय छुस्याकीको एउटा बोकालाई बासी रहेको चउरमा चराउन जाँदा केहि समयमा नै बोकाको मृत्यु भएको थियो। हाल उक्त स्थानमा घर तथा तहरा बनाउने क्रममा बासीको तोकिएको क्षेत्रफल निक्कै घटेको छ (व्यक्तिगत अन्तर्वार्ता: तुल्सीमाया छुस्याकी, २०८१ श्रावण ८)। यस बाहेक अन्य स्थानमा पनि बासीको विधिवत रूपमा पूजा गर्ने परम्परा थियो जुन यसप्रकार रहेका छन् :

तपुङ बासीसँगै खेत भएको एक किसानले प्रत्येक बर्ष कपासको माला लगाएर बासी पूजा गर्ने गर्दछन्। प्रत्येक वर्ष धान काटेर हाकुवा (कालो धान) कुट्ने समयमा भद्रकाली मन्दिरमा गएर कुखुरा बलि दिइन्छ र

बलिपश्चात काँलाचा बासीमा आई पूजा सम्पन्न गरेर समेबजि खाने प्रचलन रहेको छ (व्यक्तिगत अन्तर्वार्ता: तुल्सीमाया छुस्याकी, २०८१ श्रावण ८) । केहि वर्ष अघिमात्र भल्चो बासी पूजा गर्न जाने क्रममा मुहाली बजाउदै गएका एक कपाली थरका व्यक्तिले जंगलको च्याउखानाले तिनको देहान्त भएको थियो । त्यहि आधारमा "ढल्चो बासी, मचामसी, म्हुँकं नय जुगिचा सि" भन्ने नारा पनि नगरबासीहरूमा प्रख्यात छ । नागा दिदीबहिनीका अनुसार पनौतीस्थित महादेव स्थानको इनारबाट एक जोडि नागनागिन पूण्यवती नदिमा स्नान गर्न जाने गर्दछ । स्नानपश्चात नागनागिन त्रिवेणी घाटको प्रस्तरको माथि बस्ने गर्दछ । सो दृश्य भाग्यशाली मानिसले मात्र देख्ने भनाइ रहेको छ (अन्तर्वाताः नागा, गंगा, जमुना, २०८१ असार १४) ।

## बासी पूजाका परम्परागत विधि

बासी वा नागलाई कृषि, पानीसँग सम्बन्धित जीव मानिन्छ । बिहीबारका दिन नागको दिशा हेरेर पूच्छरमा पूजा गर्नुपर्ने मान्यता रहेको छ । बासीपूजाका लागि गाईको दूध, चौलानी सेतो फूल (पारीजात वा द्वाफस्वां), सुन र चाँदीको नाग, कपासको माला (पुइँ), (भुइ सिनं), पत (झण्डा) सहित पञ्चबलिका राँगा, भेडा, बोका, हाँस र कुखुरा आवश्यक पर्दछ । पूजा बोक्न र पूजा गर्नका लागि अनिवार्य रूपमा पुरुष नै आवश्यक भनिन्छन् । पूजा गर्न जाँदा पछाडि फर्कनु नहुने मान्यता रहेको छ (व्यक्तिगत अन्तर्वाताः वीरजगत कर्माचार्य, वि.सं २०८२ माघ २९) ।

भक्तपुर नगरमा बासी पूजाका क्रममा दुई, तीनसय मानिसहरू जमघट हुने गर्दछन् । भक्तपुर नगरबासीहरूले जलवृष्टिका लागि बासी पूजाविधिअन्तर्गत सर्वप्रथम ज्योतिषको सल्लाह बमोजिम निश्चित तिथिमिति निर्धारण गरिन्छ । स्थानीय बिष्णुभक्त बाटीअनुसार टोलका मानिसहरू मिलेर पूजाको आयोजना गर्दछन् । बासी पूजागर्दा गणेश, भैरब र बासीका लागि अलग अलग पूजा राख्ने चलन छ । *सभुं (स्याबजी), बजि* (चिउरा) पाँच मुरी आवश्यक पर्दछ । पूजाका लागि चार जना बज्राचार्य, चारजना कर्माचार्य र एकजना ज्योतिषको आवश्यकता पर्दछ । तत्पश्चात आयोजक पक्षले पूजाको अघिल्लो दिन सम्पूर्ण टोलबासीहरूलाई जानकारी गराउदछन् । यो कर्मलाई *च्वयेकेगु* भनिन्छ । बासीपूजा जाने अघिल्लो दिन बाजासहित अष्टमातृका पीठहरूमा सुकुन्दा बालेर बत्ती बाल्ने गर्दछन् । पछिल्लो पटक भक्तपुर नगरपालिका वडा नं ४ बुल्चा (बोलाछैं) टोलबाट वि.सं. २०३९ असार २२ गते बासी पूजा गरेका हुन् । उक्त पूजा सम्पन्न गर्न नासमना टोल निवासी भक्तपुरका प्रख्यात ज्योतिष भूपेन्द्रराज जोशी (मचा जोशी)ले आवश्यक व्यक्तिहरूलाई सम्पर्क गराएर सहयोग गरेका थिए । पूजाका लागि अञ्चलाधिस, ईट कारखाना (रु. ३५००), भक्तपुर मिनीबस सेवा समिति (रु. ५०००), जिल्ला अड्डा, पसलेहरूसँग (रु. ५५००) आर्थिक सङ्कलन गरिएको थियो (व्यक्तिगत अन्तर्वार्ता: विष्णुभक्त बाटी, २०८२ फागुन १६) ।

पूजा बोक्ने प्रमुख व्यक्ति चार दिन अघिदेखि शुद्ध भएर *एकछाकी* (दैनिक एक छाक मात्र खाने प्रक्रिया) बस्ने गर्दछन् । खानेकुरा *एकछाकी* बस्ने व्यक्तीले नै तयार गर्ने चलन रहेको छ । पूजाको दिन पनि पूजा सम्पन्न नभएसम्म उपवास नै बस्छन् । पूजाका क्रममा सूर्यविनायकको, सिद्धपोखरी, इन्द्रायणी, महाकाली, कमलविनायक, हनुमान्घाट, मङ्गलतीर्थ, चुपिङघाट, चुनदेवीको बासीलाई विधिवत पूजा गरेर पताका चढाउने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता: वीरजगत कर्माचार्य, २०८२ माघ २९) । बुल्चाबाट बासीपूजामा जाँदा पूजा बोक्ने भलंच जातिका मानिसले बौ र जोशी वा कर्माचार्यले पूजा बोकेका थिए । जसमा बज्राचार्यहरूले सिद्धपोखरीमा र जोशीहरूले बुल्चा भैरवमा पाठ गर्ने गर्दछन् ।

बुल्चा भैरवको लागि एउटा बोका बली दिइन्छ । पूजाका लागि एक जोडी नाग, नागिनको प्रतिमा, काँय्पता, कलंपता, बौ (झण्डा अंकित भातको थान), ११ थान कपासको माला, पारो, पाँचओटा कागजको नागोल आदि आवश्यक पर्दछन् । उक्त नागोल बाजासहित भक्तपुरको सिद्धपोखरी, कमलपोखरी, झौखेलको पोखरी, लेक्व पोखरी, बंशगोपाल पोखरीमा चढाउने गरिन्छ । सो दिन बिहान गोरखनाथ परिसरको भैल गः (खाल्टो)बाट ढुङ्गाको भऱ्याङबाट नचुहेसम्म भरिन्छ । पूजापश्चात हर हर महाद्य व गाय् द्यः भन्दै फर्कने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ताः विष्णुभक्त बाटी, २०८२ फागुन १६) ।

वि.सं. २०८१ मा भक्तपुरको पाण्डुबजारका स्थानीय कृष्णप्रसाद ध्वजुले भल्चो बासीपूजा आयोजना गर्दा सर्वप्रथम  स्थान गणेशको पूजा गरे । पूजापश्चात सबैलाई फूलप्रसाद र *ह्याउँबाला* (रातो कपडाको बाला) दिइन्छ । भैरबको लागि बली दिने पशुलाई गणेश मन्दिर अगाडि पूजा गरेर प्रसाद स्याबजी (भुटेको चिउरा) खुवाए (प्रत्येक्ष सहभागिता, २०८१ असार ८) । पूजा जाने समय मान्यताक्रम अनुसार अग्रपङ्क्तिमा बाद्यबाद्यकहरू, पूजा बोक्ने नाइके, फलफूल, फूलमाला, खानेकुरा तथा अन्य सामग्रीहरू बोक्ने भक्तजनहरू क्रमबद्ध भएर जाने गर्दछन् । पूजामा बाजासहित बालबच्चादेखि बयोबृद्धसम्मको सहभागीता रहेको हुन्छ । पानी माग्न जाने अनुष्ठानमा छाता बोक्नु हुदैन भन्ने मान्यता रहेको छ । सडकभरी सम्पूर्ण सहभागीहरू पानी पार्ने देवताको पुकार गर्दै हर्षित र रोमान्चित भएर नारा लगाउर्दै जाने गर्छन् । यस क्रममा '*'हर हर महाद्य, वाङ्ग्या द्य', ''हर हर महाद्य, वः गाय् द्य'', ''हर हर महाद्य, वः वे द्य'', ''हरहर महाद्य व वेक'', ''भल्चो महादेव, वः वे द्य'', ''त सिकवा वेक, कने वा प्ये देक'', ''पताकी भुइल वः वयेक बिया''* जस्ता विभिन्न किसिमका नाराहरू लगाउने गरिन्छ । अर्थात् पानी पार्ने महादेवको जय होस्, खेतका आलीहरू सेताम्मे भए पानी पारिदिनुस ''बासुकी नाग कि जय'', ''हरहर महादेव पानी देऊ'', ''अलिकति होइन धेरै देऊ'' (अवलोकन, २०८१ असार ८) ।

भल्चो बासीमा पुगेपछि सर्वप्रथम पूजा गर्ने मुख्य स्थानमा सरसफाइ गरेपछि मात्र पूजा सुरु गरिन्छ । भल्चो बासी रहेको स्थानमा करिब तीन फिट अग्लो शिला ठड्याएको छ । उक्त शिलालाई महादेव मानेर सात्विक पूजा गर्दछन् । शिलाको ठीक अगाडि भैरबको मण्डलाकार शिला राखिएको छ । शिलाको पछाडि बासुकीनागको रूपमा खाल्टो जमिनमा नै पूजा गर्दछन् । पूजाको क्रममा भैरवलाई कुखुरा बली दिन्छन् । विगतमा भने पञ्चबलिसहित पूजा गर्ने गर्दथे । पताका वा झण्डा पनि गाडिन्छन् । पूजापश्चात उपस्थित सम्पूर्ण  भक्तजनहरूले सामूहिक रूपमा प्रार्थना गर्ने परम्परा छ । आपसमा पानी छ्यापा छ्याप गरी ठूलो स्वरले नाराबाजी गर्दछन् । पूजापछि देवतालाई एक भाग भोज अर्पण गरेर उपस्थित सबैले भोज खाने गर्दछन् । भोजपछि बाजाको तालमा नाचगान गर्दै, नाराबाजी लगाउँदै, जंगलका जडिबुटिहरू टिप्ने जस्ता अतिरिक्त क्रियाकलापमा पनि केही समय बिताउँछन् । फर्कदा घर घरबाट अरु मानिसहरूले पानी छ्याप्ने गर्दछन् । कतिपय अवस्थामा पूजा जाने क्रममा नै आपसमा हिलो, पानी छ्याप्दै जाने परम्परा छ । घर घरबाट पूजा आउने मानिसहरूलाई पानी छ्यापिदिने गर्दछन् (अवलोकन, २०८१ असार ८) । विधिवत रूपमा पूजा सम्पन्न भएपछि साँझ पानी परेको थियो ।

## बासीपूजा र जलवृष्टि बीचको सम्बन्ध

मानव र प्रकृतिविचको सम्बन्धलाई प्रगाढ बनाउन हिन्दू समाजमा मनाइने विभिन्न पर्व, जात्राले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । हिन्दु समाजले प्रकृतिलाई उच्चतम स्थानमा राखेको छ । पानी मानव

जीवन, कृषि र सभ्यताको आधार हो । सो क्रममा बासी, जलबृष्टि र कृषि बीच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । बासीपूजाको प्रमुख उद्देश्य समयमा जलवृष्टि होस्, खेतीपाती सहज होस् भन्ने नै हो । वर्तमान समयमा नगरका अधिकाशं खेतीयोग्य जमिनहरूमा नयाँबस्तीको बिस्तार भइरहेको छ । पृथ्वीको तापमान बढ्दो कारण अतिबृष्टि र अनाबृष्टिको पनि समस्या रहेको छ ।

नेवार समुदायमा गरिने भ्यागुतो पूजा, नाग पञ्चमी, सिथिनखः, दिगुपूजा जस्ता चाडपर्वले नेवाः समुदाय प्रकृतिका उपासक हुन भन्ने प्रमाणित गर्दछ (व्यक्तिगत अन्तर्वार्ताः महेन्द्र गोपाल कर्माचार्य, २०८२, फागुन १४) । वर्षाको समयमा आकाशबाट झरेको जीव *बुय* आफ्नो स्थानको खोजी गर्ने क्रममा जमिनमा घर बनाएर बसेको स्थानलाई *भुलान* भुलां भन्ने गर्दछन् । उक्त स्थानमा रहेको जीवलाई दुख दिएमा मानिसलाई पिरोल्न सक्दछ । अतः ती स्थानहरूलाई शुद्ध र मान सम्मान गर्ने परम्परा रहेको छ । ती जीवले दैनिक एक मुरी माटो खाने भनाइ रहेको छ (व्यक्तिगत अन्तर्वार्ताः वीरजगत कर्माचार्य, २०८२ माघ २९) । जस्ले गर्दा माटो मलिलो भई कृषि उत्पादन बढ्ने जनविश्वास रहेको छ । मानिसको मृत्युपछि तिनको शरीरको नाप बराबरको जमिन छोडिएको हुन्छ त्यस स्थानलाई पनि भुलां नै भनिन्छ । त्यस्तो स्थानमा मृतकको बास हुने विश्वास गरिन्छ । ती स्थानमा समेंबजी वा तामसिक भोजन चढाउन मिल्दछ । तर यदि ती स्थानमा पानी आउने गर्दछ भने नागको बास हुन सक्ने हुनाले सात्विक भोजन मात्र चढाउने परम्परा रहेको छ (व्यक्तिगत अन्तर्वार्ताः श्याकृष्ण त्वायना, २०८२ फागुन १२) ।

सामान्यतः जनमानसमा नागको स्थानमा फोहर भएमा विभिन्न रोगब्याधिले सताउने तथ्य हालसम्म पनि प्रख्यात नै छ । यसबाहेक घरको पानीको नालीमा सफा गर्नुपर्ने र तातोपानी पठाउन नहुने मान्यता रहेको छ । नेवार समुदायले नियमित रूपमा *सागाल* (प्राङ्गारिक मल बनाउने उद्देश्यले फोहर जम्मा गर्ने स्थान) को सफाइ गर्दै पानीको निकास खुल्ला गर्दछन् (प्रत्यक्ष अवलोकन, वि.सं २०७०, बैशाख १२) । नागदोष लागेको खण्डमा नाग पूजापश्चात रोगबाट मूक्ति पाउने विश्वास गरिन्छ । नागपूजा गर्दा चौलान्ती, सेतो अक्षता, सेतो फूल र दूबो चढाउने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ताः गिता थापा, वि.सं २०८२ माघ ५) । सेतो रङ्ग शुद्धता र हरियो प्रकृतिको प्रतीक मानिन्छ । छुस्याकीको भनाइमा कालाँचा बासीको खेतको बीचमा एउटा कुवा थियो । उक्त कुवाको बाहिर बेलाबेलामा नागनागिन बस्दथ्यो । ती स्थानियले पानीमा बस्नुपर्ने कति घाममा बस्ने भन्दा ती नागनागिन कुवामा जान्थे । पछि एक व्यक्तिले उक्त कुवा पुरिदिदा कुवा पुर्ने व्यक्तिको आँखा पाक्ने रोग भएर अन्धो भएको बताउँछन् (व्यक्तिगत अन्तर्वार्ताः तुल्सीमाया छुस्याकी, २०८१ श्रावण ८) । आस्था, विश्वासमा प्रहार हुँदा दैव प्रभाव वा मनोभाव बिग्रेर शारीरिक दुर्घटना हुन सक्ने देखिन्छ ।

बासी पूजामा प्रयोग गरिने सामग्रीमध्ये पारो पनि एक हो । सिथिनखः (कुमारषष्ठी)को दिन एकदिन नागले आफ्नो बास छोड्ने कथन रहेको छ । अतः पारो राखेर पानीको स्रोत फुटाउने गरिन्छ (व्यक्तिगत अर्न्तवार्ताः वीरजगत कर्माचार्य, २०८२, माघ २९) । पूजामा प्रयोग भएका सामग्रीहरूले हावामा रासायनिक प्रक्रिया भएर वर्षा भएको हो कि भन्ने अनुमान गरिन्छ । साथै पूजा विधि र पूजा सामग्रीका विशेषताको आधारमा यो परम्पराले वैज्ञानिक रूपमा वास्तुशास्त्र, मनोविज्ञान, प्रकृतिसँग गहिरो सम्बन्ध रहेको देखाउँछ । माथि उल्लिखित नागको स्थानमा गरिएको लापरबाहीले देखाएको परिणामले प्राकृतिक स्रोत र जीवजन्तुको बासस्थानको जगेर्ना गर्नु सबैको दायित्व भएको बोध गराउँछ । बासी पूजापछि जलवृष्टि भएको पाइन्छ । अतः

यस परम्परा शास्त्र, विधि र धर्मसंगत हुनाका साथै पर्यावरण सिद्धान्तमा उल्लेख भए बमोजिम प्रकृति र मानिस बीच प्रगाढ सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

## छलफल

धार्मिक मान्यताअनुसार नागपञ्चमी - गरुड र नागहरू बीचको लडाइको स्मृतिमा मनाइने प्राचीन पर्व हो (लेभी, ,सन् २००७ पृ. ३४) । पूर्विय दर्शनअनुसार नागलाई शुद्धिकरणको द्योतक मानिन्छ (श्रेष्ठ, २०७९, पृ.२७२) । नागदेवता प्रसन्न भएमा बाली राम्रो हुने र समृद्धि आउने विश्वास गर्दछन् । नागदेवता रिसाएमा रोग, खडेरी वा विपत्ति आउँछ भन्ने विश्वास गर्दछ (श्रेष्ठ, २०७९, पृ.२७२) । लिच्छवीकालीन मूर्तिकला, मध्यकालीन नागराजाको मूर्ति, तोरण, मन्दिर, दरबारक्षेत्र वा बाहिर पोखरी निर्माण गरी बीचमा फणायुक्त नागस्तम्भ स्थापना गर्ने प्रचलन पाइन्छ । नदिको सङ्गममा पुरोहितद्वारा नागपूजा गरिन्छ (लेभी,सन् २००७ पृ. ३४) । जुन परम्परा भक्तपुर नगरमा पनि रहेको छ । नगरको नागपोखरीमा विधिवत् रूपमा नाग पूजा गर्दछ । प्रत्येक वर्षको श्रावण महिनाको नागपञ्चमीको दिन घर घरमा नागको विशेष पूजा गर्ने प्रचलन अद्यापि कायम छ । वंशावली तथा शिलालेखमा अनावृष्टि, पानीको मूल सुक्ने बेलामा तान्त्रिक विधिबाट नाग उपासना गर्ने प्रचलन भएको उल्लेख छ (खनाल, सन् २०२४) । यस क्रममा भक्तपुर नगरबासीहरूले पनि जलवृष्टिका लागि बासी वा नागको विधिवत पूजा गरेर नागको उपासना गर्ने गर्दछन् । त्यसलाई सामान्य बोलिचालीमा *ना फ्वं वानेगु* वा पानी माग्न जाने भनिन्छ । यो नेवार समुदायबाहेक अन्य समुदायमा पनि प्रचलित परम्परा हो ।

स्थानअनुसार नाग पूजागर्ने परम्परा र पूजा सामग्रीमा भिन्नता देखिन्छ । नागको पूजा गर्दा सर्वप्रथम ज्योतिषको सल्लाह बमोजिम नाग कुन दिशामा फर्केको छ हेरेर पूजागर्ने चलन रहेको छ । नाग पूजाका दिनविहान सबेरै स्नान गरेर शुद्ध भई अक्षेता, फूलचन्दन, दूध, मुछेको चामलको पीठो धुपबत्ति जस्ता पूजाको सामग्रीहरू राखि बालि राम्रो होस भन्ने कामनासहित नागहरूको पूजापाठ गरिन्छ (लेभी, सन् २००७, पृ. ३४) । नागको पूच्छरमा पूजा गर्नुपर्ने मान्यता रहेको छ । पूजा पुरुषले नै गर्नुपर्छ भन्ने चलन भए तापनि पनौतीको त्रिवेणीघाटमा महिलाहरूले पूजा गरेको देखियो । नेवार समुदायमा पानी माग्ने अनुष्ठानका लागि झण्डा, सेतो फूल, जोडी नागको प्रतिमा, गाईको दूध, चौलान्ती, बौं जस्ता पूजा सामग्री अनिवार्य मानिन्छ । स्थानीय बयोबृद्ध तुल्सीमायाका भनाइमा काँलाचा बासीमा खेत गर्ने समयमा थोरै बाँसी बस्ने क्षेत्रको माटो टास्ने क्रममा नागलाई सुन र चाँदीको नाग चढाएर पूजा गरेको उदृत गर्दछन् ।

सगर राजवंशले अनावृष्टिबाट लोकलाई रक्षागर्न वर्षाको आमन्त्रण गरेको कथन पनि पाइन्छ (ग्वंग, २०८०, पृ. ८७-८८) । बासी पूजाका माध्यमबाट जलवृष्टि गराई प्राकृतिक सन्तुलनमा योगदान पुऱ्याएको छ । तथापि मानिसहरूको जीवनशैलीमा आएको परिवर्तले सामाजिक मेलमिलाप, प्रकृति र जलबृष्टिको परम्परागत पूजाविधि ओझेलमा पर्न गएका छन् । अतः यसलाई भविष्यका पुस्तासम्म पुऱ्याएर मौलिक परम्पराको जगेर्ना गरी त्यसको अध्ययन अनुसन्धान गरी सहि दस्तावेज तयार गर्नु आजको आवश्यकता हो ।

## निष्कर्ष

भक्तपुरमा प्रचलित बासी पूजा परम्परा जलवृष्टिको कामनासँग प्रत्यक्ष रूपमा जोडिएको प्राचीन परम्परा हो । भ्यागुतो, सर्प, बिच्छी जस्ता पानीमा वा जमिनमा बस्ने प्राणीहरूले प्रत्यक्ष रूपमा पर्यावरणलाई सन्तुलन गर्न सहयोग गरेका हुन्छन् । प्राचीनकालदेखि मानिसहरूले प्रकृतिलाई पूजा गर्दै आएका छन् । प्रकृतीमा रहेका विविध प्राणीहरूमध्ये नागलाई जलस्रोतको प्राणी मानिन्छ । नागले बास गर्न छोडेमा पानीको मूल सुक्ने धारणा रहेको छ । वर्षाका लागि नेपालका अधिकांश समुदायमा नागदेवताको उपासना गर्ने गर्दछन् । यस क्रममा अधिकाश समुदायमा नागदेवताको उपासना गरिए तापनि केहि समुदायमा इन्द्र, महादेव, कालिका, देवी आदिको पनि उपासना गर्ने चलन छ । भक्तपुरका सम्पूर्ण समुदाय एकजुट भएर बाजासहित बासी पूजागर्न जाने गर्दछन् । यो सामुदायिक सहकार्य, मेलमिलाप र सामूहिक जिम्मेवारीको भावना विकासको आधार हो । जलवृष्टिका लागि बासी पूजागर्ने परम्परा केवल वर्षा प्राप्तिको माध्यम मात्र होइन । धार्मिक आस्था, सांस्कृतिक पहिचान, सामाजिक एकता, समाजलाई प्रकृतिसँग जोडेर पर्यावरणीय चेतना विकास गर्ने संस्कृति हो ।

जुलियन स्टीवार्डको पर्यावरण सिद्धान्तमा उल्लेख गरेजस्तै मानवले पर्यावरणमा भएका जीवहरूको सम्मान स्वरूप विविध परम्पराको विकास गरेको देखिन्छ । जसमा बासी पूजा पनि एक हो । जलवृष्टिका लागि बासी पूजा नागको आराधनासँग सम्बन्धित छ । बासी पूजा परम्पराअनुसार पुरूषले नै विधिवत रूपमा पूजा सम्पन्न गर्दछन् । नागको पूजा बिहीबारका दिन तिनको दिशा हेरेर पुच्छर भागमा पूजा गरिन्छ । पूजाका लागि कपासको माला, गङ्गाजल, गाईको दूध, पारीजात वा *द्राफ्वः स्वां* (जुही), माटो, सुन वा चाँदीको नागको प्रतिमा, चौलानी र चन्द्रमा अङ्कित पता र पारो आवश्यक पर्दछ । जुन शुद्धताको प्रतीक मानिन्छ । पारो पानीको एक महत्त्वपूर्ण अवस्था हो । जस्ले जलचक्र, उर्जा, वर्षा र वातावरणीय सन्तुलनमा निर्णायक भूमिका खेल्छ । हिजोआज वैज्ञानिकहरू रासायनिक ग्याँसहरूको प्रयोगद्वारा वर्षा गराउन सक्षम छन् ।

पर्यावरण सिद्धान्तअनुसार मानिसले पर्यावरणसँग अनुकुल भएर बस्न आफ्नो वरपरका जीवजन्तुको संरक्षण, वातावरणीय शुद्धतामा ध्यान दिनुपर्ने हुन्छ । सामान्यतः घरको पानी निकास हुने स्थानको सरसफाइ गरेमा त्यसको सकारात्मक प्रभाव पर्ने अन्यथा ज्यान नै जोखिममा पर्ने सन्देश समेत यस परम्पराले दिन खोजेको पाइन्छ । वर्तमान सन्दर्भमा मौसम पूर्वानुमान र सिंचाइ प्रविधि विकसित भएता पनि पानी माग्ने परम्परा र पहिचान अझै जिवित राख्न सकिने देखिन्छ । अतः नागदेवतालाई प्रशन्न पारेर जलवृष्टि गराउने परम्पराको बैज्ञानिक पक्ष खोजी गर्न सकेमा नयाँपुस्ताले आफ्नो संस्कृतिप्रति अझ गर्व गर्दै यसको जगेर्ना र प्रवर्धन गर्न अग्रसर हुन प्रेरित गर्ने देखिन्छ । अतः बासी पूजा केवल धार्मिक, सामाजिक विधि मात्र नभइ भक्तपुरको सांस्कृतिक धरोहरका रूपमा यसको संरक्षण र अभिलेखिकरण आवश्यक छ ।

## सन्दर्भसामग्री


आचार्य, महेश, (वि.सं. २०८०), लुँती अजिमा जात्रा र जीव आहुति होमः *नेप्लीज कल्चर,* नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, १, २५-३८ ।

खनाल, सन्ध्या (वि.सं २०८०), *शिवलिङ्ग,* एकेडेमी अफ तन्त्र स्यामनिक स्टडिज् ।

ग्वंगः, तेजेश्वरबाबु, (वि.सं. २०८०), *संस्कृतिका आयाम,* शमी साहित्यिक प्रतिष्ठान ।

क्षेत्री, गणेश र रायमाभी, रामचन्द्र (वि.सं. २०६२), *मानवशास्त्र र समाजशास्त्रको प्रमुख सिद्धान्तहरू,* एसिया पब्लिकेसन्स् ।

दुलाल, लोकनाथ, (वि.सं. २०७७), *ग्रामथान पूजा परम्परा र संस्कृति,* इन्द्रकला भण्डारी ।

राजोपाध्याय, श्रीलोचन (वि.सं. २०८०), *इन्द्रचोकको सांस्कृतिक सम्पदाको अध्ययन : नेप्लीज  कल्चर*, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, ६, १३४-१३५ ।

लेभि, सिल्भाँ (सन् २००७), *नेपालःहिन्दु अधिराज्यको इतिहास (दोस्रो खण्ड),* हिमाल किताब प्रा.लि. ।

श्रेष्ठ, दयाराम (सन् २०२४), *तन्त्रचर्चा.*  डिसेम्बर ।

श्रेष्ठ, टेकबहादुर, (वि.सं. २०७८), *फर्पिङको ऐतिहासिक रूपरेखा,*  स्वदेश प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, सरोज, (वि.सं. २०७९), *तन्त्रचर्चा,* भोलानाथ बास्तोला ।

Bangdel, Lain S. (1995 A.D). *Invention of Stone Schuptures of the Kathmandu Valley*. Royal Nepal Academy

## सूचना स्रोत व्यक्तिहरूको नामावली

कर्माचार्य, बीर जगत, ८४ वर्ष, २०८२ माघ २९ गते, दुधपाटी-१, भ.न.पा, पूजारी ।

कर्माचार्य, महेन्द्रगोपाल, ६३ वर्ष, २०८२, फागुन १४ गते, गोल्मढी-७, भ.न.पा., शिक्षासेवी, पूर्वप्रधानाध्यापक ।

कुस्ले, रजन, ४२ वर्ष, २०८२ माघ १४, मंगलाक्षें -४, भ.न.पा., फोटोग्राफर ।

चवाल, तुल्सीमाया, ८५ वर्ष, २०८१ श्रावण ०९, गपलि-४, भ.न.पा., बयोबृद्ध ।

छुस्याकी, तुल्सीमाया, ७७ वर्ष, काँलाचा, भ.न.पा., बयोबृद्ध ।

त्वायना, श्याम कृष्ण, ५५ वर्ष, २०८२ फागुन १२, नासमना-३, भ.न.पा, कालिगढ ।

त्वायना, कृष्णप्रसाद, वर्ष ६१, २०८१ माघ २९, नासमना-३, भ.न.पा, कृषक ।

तामाङ, अजय, ५८ वर्ष, पाटी भङ्ज्याङ, नैचाल, सु.न.पा. ।

तामाङ, विरबहादुर, ५४ वर्ष, आशापुरी, सु.न.पा. ।

थापा, गिता, वर्ष ६०, नगरकोटी टोल, सु.न.पा.-१०, वि.सं २०८२ माघ ५, गृहिणी ।

नागा, गंगा जमुना, वर्ष ८५, गपली -४, भ.न.पा, वि.सं २०८१ असार १४

नापित, राजाराम, ४२ वर्ष, २०८१ असार ८ गते, याक्षें -९, भ.न.पा, फोटोग्राफर ।

बाटी, विष्णुभक्त, ८८ वर्ष, २०८२ फागुन १६ गते, बुल्चा-४, भ.न.पा, बयोबृद्ध ।

बाद्यकार, गोपाल, ५८ वर्ष, २०८१ भदौ ०७ गते, चाँगुनारायण नगरपालिका, कृषक ।

राई, राजेन्द्रकुमार, ७४ वर्ष, २०८२ माघ २०, खोताङजिल्ला, खोटेहाङ्ग गाउँपालिका-२, वाप्लुखा, बयोबृद्ध ।